## बैठक संख्या ७

आज मिति २०८१/०८/१९ गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितीमा बसी देहाय बमोजिम निर्णय पारित गरियो ।

### उपस्थिती

| क.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २. | श्री शान्ती नाथ | सदस्य | |
| ३. | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ४. | श्री नारद सिंह उर्याल | सदस्य | |
| ५. | श्री दुर्गा प्रशाद चौधरी | सदस्य | |
| ६. | श्री विर बहादुर खडका | सदस्य | |
| ७. | श्री ईन्द्र बहादुर खडका | सदस्य | |
| ८. | श्री गौरी देवी पाध्या | सदस्य | |
| ९. | श्री हर्कमती पाध्या | सदस्य | |
| १० | श्री तारा देवी गिरी | सदस्य | |
| ११. | श्री बसन्ती देवी सुनार | सदस्य | |
| १२. | श्री चेतराम माली | सदस्य | |
| १३. | श्री मीना सुनार | सदस्य | |
| १४. | श्री विर बहादुर ऐर | सदस्य सचिव | |

बैठक संख्या ७/२०८१/०८२ मिति २०८१/०८/१९ गते

**प्रस्ताव नं. १:- १५ शैया अस्पतालको ठेक्काको म्याद थप गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १** :-प्रस्ताव नं.१ माथि छलफल हुँदा यस गाउँपालिका अन्तर्गत वडा नं. २ मा निर्माण भईरहेको १५ शैया अस्पतालको देहायको ठेक्काको म्याद २०८१ मंशिर ६ गते समाप्त भैसकेकोले उक्त ठेक्काको देहायको अवधिसम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

| क.सं. | ठेक्का नं. | म्याद थपको अवधी | कैफियत |
|---|---|---|---|
| १. | BRM-17- 2078/079 | २०८१ मंशिर ७ गतेदेखि २०८२ साल वैसाख मसान्तसम्म | |

**प्रस्ताव नं. २:- भेरिएशन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २** :-प्रस्ताव नं.२ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिका ३ नं. वडा कार्यालयको प्रशासकीय भवन निर्माणको ठेक्का नं. BRM-2080/081/Works /NCB-05 मिति २०८०/१०/१० मा श्री जे.के.इ.ए.-एस.बिडी. संग रु.८२,०२,१७२/८ रकममा सम्झौता भई काम शुरु गर्दा फाउण्डेशन खन्दा ३ फिटमा नै पानी भरिएको, माटोको ढिस्का खस्न थालेकोले काम गर्न असहज भएको भनि आवस्यक प्राविधिक परामर्श दिन हुन भनि निर्माण व्यवसायीले दिएको निवेदन अनुसार माटो परिक्षरण गराउँदा Soil bearing capacity थोरै भएको र फाउण्डेशन डिजाईन परिवर्तन गर्न आवस्यक रहेको भनि श्री टेक्निकल सर्विस एण्ड सोलुशन कन्सल्टेन्सी प्रा.लि. को रिपोर्ट, प्राविधिकको राय तथा स्थानिय बासिन्दाको सोही ठाउँमा भवन निर्माण गर्नुपर्ने मागसहितको वडा कार्यालयसंगको सहमतिको आधारमा भवनको नियमानुसार भेरिएशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ३:- सडक बोर्ड नेपालको योजनामा रकम थप गर्ने र योजना छनौट गरि पठाउने सम्बन्धमा ।**

**निर्णय नं. ३** :-प्रस्ताव नं.३ माथि छलफल हुँदा सडक वोर्ड नेपालको प.सं. २०८१/०८२ च.नं. ४३९ मिति २०८१/०६/१३ को प्राप्त पत्रानुसार चालु आ.व. २०८१/०८२ मा स्थानिय सडक मर्मत सम्भार कार्यको लागि रु.२७लाख बजेट स्विकृत भई आएकोले सडक वोर्ड नियमावली २०६० परिच्छेद (३) नियम (९) तथा उल्लेखित मार्गदर्शन बमोजिम योजनामा यस पालिकाबाट योजनामा व्यहोर्नु पर्ने सम्पूरक केष (Matching Fund) को २० प्रतिशतले हुन आउने कूल रकम रु.६७५०००/-( छ लाख पचहत्तर हजार) यस कार्यालयबाट व्यहोर्ने सर्वसम्मत निर्णय पारित गरियो । साथै, देहायका योजना छनौट गरि सडक वोर्ड नेपालमा पठाउने समेत सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

१. वडा नं. ५ र ४ जोडने ईमलियादेखि नाथ चौराहासम्म सडक मर्मत रु.१५लाख ।
२. वडा नं. ४ कान्छी बजारदेखि लालु माछा पोखरीसम्म सडक मर्मत रु.९लाख ।
३. वडा नं. २ लठौवा घाटदेखि कान्छी बजारसम्म सडक मर्मत रु.९लाख ७५ हजार ।

**प्रस्ताव नं. ४:- DPR को रकम भुक्तानी दिने सम्बन्धमा ।**

**निर्णय नं. ४** :-प्रस्ताव नं.४ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिका २ नं. वडा कार्यालय तथा ५ नं. वडा कार्यालयको भवनको DPR निर्माणको रकम ग्रिनवेल्ट क्षेत्र सिमाङ्कन कार्यक्रम शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

बिर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

**प्रस्ताव नं. ५:- आर्थिक सहयोग गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ५** :-प्रस्ताव नं.५ माथि छलफल हुंदा देहायका व्यक्तिलाई देहायको रकम आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

१. पार्वती देवि सिंह रु. ५०हजार ।

२. हर्कमती पाध्या रु.३० हजार ।

**प्रस्ताव नं. ६:- प्राथमिक स्वास्थ्य केन्द्रको फार्मेसी सेवामा दरबन्दी सृजना गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ६** :-प्रस्ताव नं.६ माथि छलफल हुंदा यस गाउंपालिका अन्तर्गत वडा नं. २ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको फार्मेसी सेवामा आवस्यक पर्ने दरबन्दी सृजना गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ७:- योजना तथा कार्यक्रमको भुक्तानी हुन बाँकी रकमको भुक्तानी सम्बन्धमा ।**

**निर्णय नं. ७** :-प्रस्ताव नं.७ माथि छलफल हुंदा देहायका योजना तथा कार्यक्रम वाफतको भुक्तानी हुन बाँकी देहायको रकम देहायको शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

१. बेलडांडी गाउंपालिका अन्तर्गत ५ वटै वडाका विभिन्न स्थानका सडकमा रहेका खाल्टाखुल्टीमा ग्राभेल हालेको भुक्तानी हुन बाँकी रकम रु. २लाख ७३ हजार (कार्य संचालन कोष शिर्षकबाट) ।

२. साना सिंचाई कार्यक्रम (यस पालिकाको कन्टेन्जेन्सी शिर्षकबाट) ।

**प्रस्ताव नं. ८:- बिलको रकम भुक्तानी दिने सम्बन्धमा ।**

**निर्णय नं. ८** :-प्रस्ताव नं.८ माथि छलफल हुंदा जिल्ला प्रशासन कार्यालय कंचनपुरबाट पेश हुन आएको रु.५४५००/-( चौपन्न हजार पाँचसय) को विलको रकम मसलन्द तथा कार्यालय संचालन खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ९:- बस्ती छनौटको जिम्मा दिने सम्बन्धमा ।**

**निर्णय नं. ९** :-प्रस्ताव नं.९ माथि छलफल हुंदा सामाजिक विकास कार्यालय, कञ्चनपुरको पत्रानुसार ७ दिने सिपमूलक तालिम कार्यक्रमको लागि बस्ती छनौट गर्न महिला तथा बालबालिका शाखालाई जिम्मा दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १०:- रकम विनियोजन गर्न गाउँसभामा पेश गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १०** :-प्रस्ताव नं.१० माथि छलफल हुंदा राष्ट्रिय परिचय पत्र वितरण कार्यमा खटिएका कर्मचारीहरुलाई थप सुविधा बाफत दिनुपर्ने रकम रु.१लाख ५०हजार भुक्तानीको लागि गाउँसभा (हिउँदे अधिवेशन) मा पेश गरि रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

बिर बहादुर ऐर

CamScanner

**प्रस्ताव नं. ११:- डकुमेन्ट्री निर्माण बाफतको रकम भुक्तानी दिने सम्बन्धमा ।**

**निर्णय नं. ११** :-:प्रस्ताव नं.११ माथि छलफल हुँदा यस गाउँपालिकाको डकुमेन्ट्री निर्माण बाफत टि.भि. टुडेलाई रु. २,३०,०००/- (दुई लाख तीस हजार) रकम गा.पा. अध्यक्ष कार्यक्रमबाट भुक्तानी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १२:- विज्ञ तोक्ने सम्बन्धमा ।**

**निर्णय नं. १२** :-:प्रस्ताव नं.१२ माथि छलफल हुँदा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार शाखामा रिक्त रहेको प्राविधिक सहायक पद-१ (एक) सेवा करारबाट पदपूर्ति गर्न **स्थानिय तहमा प्राविधिक सहययक र रोजगार सहायक पदपूर्ति सम्बन्धि मापदण्ड, २०७८** बमोजम उक्त पदपूर्ति गर्न विज्ञ तोकी पदपूर्ति कार्य अगाडी बढाउन यस गाउँपालिकाको कर्मचारी पदपूर्ति समितिलाई जिम्मा दिने सर्वसम्मत निर्णय पारित गरियो ।

विर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत